## सूचना

लोक सेवा आयोगको दृढ अठोट
योग्यता, निष्पक्ष र
प्रतिष्पर्धात्मक छनौट ।।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
*सूचना तथा प्रसारण विभाग*



राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



कोरोना बिमाको भुक्तानी
दिन निर्देशन



पृष्ठ ३ मा



वर्ष–१२ ।। अङ्क : १८८ ॥ २०७७ कार्तिक २० गते बिहिबार (5th Oct. 2020,Thursday) **Pratidin** National Daily मूल्य–रु.५/–


# कोरोनाबाट बृद्धबृद्धालाई बचाउँनै गाह्रो

*झापा (प्रस) ।* झापामा कोरोना संक्रमणबाट मृत्यु हुनेमध्ये अधिकांश ५० वर्षभन्दा माथिका छन् । जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांक अनुसार बुधबारसम्म ५६ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । त्यसमध्ये केही मात्र ५० वर्षभन्दा कम छन् । गौरादह , शिवसताक्षी र दमकका तीन संक्रमितको उमेर ५० वर्षभन्दा कम थियो । त्यस्तै भद्रपुरका एक दुईमहिने बालकको पनि संक्रमणबाट मृत्यु भएको थियो । त्यसबाहेक अधिकांश ५० भन्दा माथिका छन् । मृतकमध्ये ५० देखि ६० बीचका कम र ६० भन्दा बढी उमेर भएका धेरै भएको जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन जीवन चौलागाईले बताए । पाका उमेर भएकालाई संक्रमण हुने क्रम बढेको र संक्रमण लागिसकेपछि त्यसबाट जोगाउन गाह्रो हुने गरेको उनले बताए । जाडो मौसम शुरु हुनै लाग्दा कोरोना संक्रमण झनै बढ्न सक्ने र त्यो बृद्धबृद्धाका लागि जटिल हुनसक्ने देखिएको हो । श्वासप्रश्वाससम्बन्धी रोगका अन्य बिरामीलाई थप स्वास्थ्य जटिलता



हुनसक्ने भन्दै स्वास्थ्यकर्मीहरूले चिन्ता व्यक्त गरेका छन् । कनकाई नगरपालिकाको होम आइसोलेसनमा १९ जना कोरोना संक्रमित छन् । त्यसमध्ये ज्येष्ठ उमेर भएका ३ जनालाई जोगाउन गाह्रो भइरहेको नगरपालिकाका सूचना अधिकारी लक्ष्मी अधिकारीले बताए । जाडो मौसम शुरु हुनै लाग्दा कोरोना संक्रमणबाट बृद्धबृद्धालाई जोगाउनु चुनौतीपूर्ण भएको उनले बताए ।

कोरोना संक्रमण र यसबाट हुने मृत्यु बढिरहेका बेला आउँदो जाडो नेपालका लागि थप चुनौतीपूर्ण र खतरनाक बन्ने चेतावनी स्वास्थ्यकर्मीहरुले दिएका छन्। जाडो महिनामा कोरोनासँगै अन्य रोगका बिरामी पनि बढ्ने हुँदा स्वास्थ्य उपचार र हेरचाहको राम्रो बन्दोबस्त नमिलाए ठूलो क्षति निम्तिन सक्ने भएकाले सरकारले त्यसो हुन नदिन तयारी थाल्नुपर्ने उनीहरूको भनाइ छ ।

स्वास्थ्य मन्त्रालयका पछिल्ला तथ्यांकहरुले मुलुकमा कोरोना भाइरसको संक्रमणदर बढिरहेको, कोरोनाका सक्रिय संक्रमितमध्ये अधिकांश घरमै आइसोलेसनमा रहेको र कोरोनाका कारण ६० वर्षभन्दा माथिका धेरै व्यक्तिको ज्यान गइरहेको देखाएको छ। यस्तो अवस्थालाई चिकित्सक तथा जनस्वास्थ्य विज्ञहरुले ‘ बिजोगको स्थिति’ भनेका छन् । धुलिखेल अस्पतालको जनस्वास्थ्य तथा सामुदायिक कार्यक्रम प्रमुख डा. विराज कर्माचार्य अहिले विभिन्न कामकाजका सिलसिलामा बाहिर निस्केका युवा उमेर समूहका व्यक्तिले घरभित्र रहेका बाबु आमा वा अन्य वृद्ध आफन्तलाई कोरोना सारेको देखिएको बताउँछन्। ‘घरमै आइसोलेसनमा बस्ने कोरोना संक्रमितको संख्या बढेसँगै त्यहाँ बसिरहेका बृद्धबृद्धलाई पनि कोरोनाले छुन थालेको छ’, डा. कर्माचार्य भन्छन्, ‘यस्तो अवस्थामा युवाहरु त निको होलान्, तर बृद्धबृद्धाको ज्यान गइरहेको छ ।’

डा. कर्मचार्यका अनुसार घर बाहिर काम वा व्यापार व्यवसायको सिलसिलामा निस्कने व्यक्तिहरुको सम्पर्कबाट घरमा रहेका बाबुआमालाई छुट्टै राख्नुपर्छ।

उनी घर बाहिर निस्किरहने व्यक्तिबाट बृद्धबृद्धालाई छुट्टै राखेर खाना खुवाउने, छुट्टै टावेल प्रयोग गर्ने, सकेसम्म छुट्टै चर्पीको प्रयोग गर्ने, कोठाभित्र बस्दा हावाका लागि झ्याल खुल्लै राख्ने र कोठा गुम्म नपार्ने, यदि बृद्धबृद्धाको नजिक जानै परे मास्क लगाउने जस्ता उपाय उपनाउनु पर्ने बताउँछन् ।

# कोरोना संक्रमित युवतीद्वारा आत्महत्या

*झापा (प्रस) ।* झापामा थप तीनजना कोरोना संक्रमितको मृत्यु भएको छ। एकजनाले आत्महत्या गरेका छन् भने दुईजनाको मृत्यु भएको छ । दमककी एक कोरोना सक्रमित युवतीले झुन्डिएर आत्महत्या गरेकी हुन् ।

दमक नगरपालिका वडा नं ५ निवासी पंचबहादुर लिम्बुकी २२ वर्षिया छोरी दीक्षाले मंगलबार राति झुन्डिएर आत्महत्या गरेकी हुन् । उनलाई कात्तिक १७ गते विराटनगरको बीस्युअर ल्याबमा गरिएको पिसिआर परीक्षणमा पोजेटिभ देखिएको थियो । त्यसपछि उनी होम आइसोलेसनमा बस्दै आएकी थिइन् । आफू सुत्ने कोठोमा रहेको सिलिङ फेनको हुकमा सलको पासो लगाएर उनले आत्महत्या गरेको जनाइएको छ ।

त्यस्तै दमकका थप एकजना कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुनेमा दमक नगरपालिका वडा नं १ का ६५ वर्षिय फौदसिंह राई रहेका छन् । उनको विराटनगरको नोवेल हस्पिटलमा बुधबार विहान ३ बजे मृत्यु भएको हो । उपचारका क्रममा उनलाई कात्तिक १२ गते नोवेलमै संक्रमण पुष्टि भएको थियो । त्यस्तै मेचीनगर नगरपालिका वडा नं १४ की एक ७० वर्षिया बृद्धाको उपचारका क्रममा मेची अस्पताल भद्रपुरमा मृत्यु भएको छ। कात्तिक १५ गते संक्रमण पुष्टि भएकी ७० वर्षिया देवी चिमरिया अस्पतालको आइसोलेसनमा उपचाररत् थिइन् । उनको बुधबार विहान ७.५० बजे मृत्यु भएको हो । योसँगै झापामा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ५७ पुगेको छ ।

# लगानी कम आम्दानी बढी

❖ शुष्मा राई /झापा

*बिर्तामोड (प्रस) ।* बिर्तामोडको मुक्ति चोक आसपासमा जुत्ता सिलाएर गुजारा गर्नेहरु धेरै छन् । जुन पेशा जीविकोपार्जनको लागि मात्र नभएर राम्रो आयआर्जनको माध्यम बनेको छ ।

५० वर्षीय हिरालाल राम बिगत ३० वर्षदेखि यही पेशा गर्दै आएका छन् । बिर्तामोड नगरपालिका ३ बिर्ताबजार घर भएका हिरालाल बिहान ९ बजेदेखि हनुमान कम्प्लेक्स नजिक पसल थाप्ने गर्छन् । विगत १५ वर्षदेखि यही पेशा गर्दै आएको उनी बताउँछन् । उनका ४ दाजुभाइले पनि यही पेशा गर्छन् । दुई दाजुभाइ बिर्तामोड र दुई दाजुभाइ बिर्ताबजारमा व्यापार गर्ने गरेका छन् । चारै दाजुभाइले यही पेशा गरेर राम्रो कमाइ गरेका छन् ।

हिरालालले जुत्ता सिलाउने पेशाबाट छोराछोरी पढाउने र दैनिक जीविकोपार्जन गर्दै आएका छन् । उनले दैनिक रुपमा पाँच सयदेखि माथि कमाउँदै आएका छन् । यो काम गर्दा धेरै दुःख नहुने उनी बताउँछन् ।

उनी भन्छन् “व्यवसाय राम्रै चलेको छ ,दुखसुख परिवार चलाउन सकिन्छ । कुनै दिन खाली पनि बस्नु पर्छ । आज नभए भोलि हुन्छ,भोलि पनि नभए पर्सी हुन्छ भन्ने सोच राखेर काम गर्नु पर्छ ।” यसको पनि सिजन हुन्छ -भदौदेखि फागुनसम्म राम्रो चल्छ ।

दसैं तिहारको समयमा दैनिक १२ सयसम्म कमाइ हुन्छ । तर अरु सालको तुलनामा यो साल लकडाउनले निकै असर परेको उनको भनाइ छ । यो पेशामा आबद्धहरुलाई पहिले नकारात्मक रुपमा हेर्ने गरिएको भए पनि अहिले त्यो अवस्था नरहेको पेशाकर्मीहरुको भनाइ छ ।

# भन्सार छली ल्याइदैँ गरेको सामग्री बरामद



*बिर्तामोड (प्रस) ।* इलाका प्रहरी कार्यालय काँकडभिट्टाले भन्सार छली ल्याइदैँ गरेको अबैध सामग्री बरामद गरेको छ । भारतबाट नेपालतर्फ अबैधरुपमा ल्याइदैँ गरेको टप्स कपडा, कुर्थी सेट, तन्ना, ढाकाको थान प्रिन्ट कपडा, थान कपडा, टेम्पोको क्लोज तार, विभिन्न मोटर पार्टस बरामद गरेको हो ।

७ लाख २१ हजार रुपैयाँ बराबरको उक्त अबैध सामान ल्यादैँ गरेको अवस्थामा प्रहरीलाई देखेर सामान छाडि भागेको र सामान प्रहरीको टोलीले बरामद गरी बुधबार आवश्यक कारवाहीको लागि मेची भन्सार कार्यालय


❖बाँकी अन्तिम पृष्ठमा


# ६ स्वास्थ्यकर्मीसहित थपिए २३ संक्रमित




*झापा (प्रस) ।* झापामा पछिल्लो २४ घण्टाभित्र ६ स्वास्थ्यकर्मीसहित २३ जना कोरोना संक्रमित थपिएका छन् । संक्रमितमध्ये ७ जना महिला र १६ जना पुरुष छन् । दमक, अर्जुनधारा, मेचीनगर र गौरादहका स्वास्थ्यकर्मीमा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । बुधबार सबैभन्दा बढी दमकमा १० जनामा संक्रमण पुष्टि हुँदा २ जना महिला र ८ जना पुरुष छन् ।दमकमा संक्रमित पुष्टि भएकामध्ये २ जना स्वास्थ्यकर्मी छन् । बिर्तामोड र गौरादहमा समान चार–चार जनामा संक्रमण भएको छ । बिर्तामोडका ३ महिला र १ पुरुष तथा गौरादहमा १ महिला र ३ पुरुष रहेका छन् । गौरादहका एक जना स्वास्थ्यकर्मी रहेका छन् ।यस्तै, भद्रपुरका २ जना पुरुषमा संक्रमण पुष्टि भएको छ ।

संक्रमण पुष्टि भएकी अर्जुनधाराकी एक महिला स्वास्थ्यकर्मी हुन् ।

मेचीनगरमा पनि संक्रमित भएका पुरुष स्वास्थ्यकर्मी भएको स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तै, कनकाई नगरपालिकामा एक पुरुषमा पनि संक्रमण भएको छ ।झापामा बुधबारसम्म २ हजार २४३ जनामा संक्रमण पुष्टि भइसकेको छ । ८०८ जना सक्रिय संक्रमित भइ आइसोलेसनमा उपचार भइरहँदा १ हजार ३७९ जनाले कोरोना जितेका छन् ।

# धिमाल जातीय विकास केन्द्रमा ‘लफडा’



*दमक (प्रस) ।* महाधिबेशनको विषयलाई लिएर धिमाल जातीय संस्थामा लफडा शुरु भएको छ । गत कार्तिक १३ देखि १५ गतेसम्म दमकमा हुने भनिएको छैठौ राष्ट्रिय महाधिबेशनलाई लिएर धिमाल जातीय विकास केन्द्रमा लफडा शुरु भएको हो । २०५० सालमा स्थापित सो केन्द्र धिमालहरुको एक मात्र जातीय संस्था हो ।

मुख्यतया संस्थाभित्र सत्तारुढ नेकपा र नेकपा बाहेकका पार्टीहरुवीचको समूहमा महाधिबेशनको विषयलाई लिएर आन्तरिक द्वन्द्व सार्वजनिक भएको हो । दुवै समूह सामाजिक सञ्जालमार्फत आरोप प्रत्यारोपमा उत्रिएका छन् ।यसैवीच बुधबार दमकमा महाधिबेशन आयोजक समिति समेत रहेको वर्तमान केन्द्रीय समितिले पत्रकार सम्मेलन गरी सहज वातावरण बनाएर महाधिबेशन सम्पन्न गरिने स्पष्ट पारेको छ । सहमतिमा नै महाधिबेशन स्थगित गरिएको र तर केहि व्यक्ति र समूहले भने संस्थाविरुद्ध नै खनिएको अध्यक्ष तेजबहादुर धिमालले बताएका छन् । उनले भने, -‘जातीय संस्थाभित्र राजनीति छिराउने काम हुँदै छ, त्यसले कसैलाई हित गर्दैन । ’

संस्थाको ७ सदस्यीय सल्लाहकार समितिमध्ये पूर्व अध्यक्ष लोकबहादुर, रामबहादुर, नगेन्द्रवहादुर, मोहन र रतनबहादुर धिमालले गत कातिक १५ गते बैठक बसेर महाधिबेशन गर्न असक्षम भएको भन्दै अव विधान अनुसार सल्लाहकार समितिले महाधिबेशन गर्ने निर्णय गरेपछि विवाद सतहमा आएको हो । केन्द्रीय समितिको मातहतमा रहेको सल्लाहकार समितिले महाधिबेशनको विषयलाई लिएर गरेको निर्णय विधान बमोजिम नभएको महासचिव केदार धिमालको जिकिर छ। उनले भने-‘ कोरोना जोखिमका कारण सहमतिमै महाधिबेशन स्थगित गरिएपनि अहिले यसलाई लफडा बनाउन खोज्नु राम्रो होइन । ’

२०७३ फागुन १३ देखि १५ गतेसम्म चलेको पाँचौ महाधिबेशनले तेजबहादुरको अध्यक्षतामा ५५


❖बाँकी अन्तिम पृष्ठमा



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

## माता पाथिभरा फर्निचर

बिर्तामोड-७, चारपाने
सो-रुमः कनकाई-१, दुर्गापुर

प्रो. देवी दंगाल ☎ 9841351368, 9806035571







श्री पिस दराज
बक्स पलङ
टु पिस दराज
सोफा सेटहरु

लगायत घरायसी सजावटका सम्पुर्ण फर्निचरका सामानहरु ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।

# नगरप्रमुख आचार्यको पिसिआर रिपोर्ट नेगेटिभ

*सिलिगुढी (प्रस)* । भारतको सिलिगुडीस्थित किन्स अस्पतालमा उपचारका लागि भर्ना भएका मेचीनगर नगरपालिका प्रमुख विमल आचार्यको पिसिआर रिपोर्ट नेगेटिभ आएको छ । उनको केही दिनअघि पिसिआर परीक्षणका लागि अस्पतालले थ्रोट स्वाव नमूना संकलन गरेको थियो । मंगलबार प्राप्त रिपोर्ट नेगेटिभ आएको जनाईएको छ । उनको फोक्सो र छातीको सिटी स्क्यान गरिएको र त्यसको रिपोर्टमा संक्रमण कम देखिएकोले क्रमशः सुधार आएको अस्पतालले जनाएको छ ।

आचार्यको असोज २८ गते झापाको कन्काई नगरपालिकास्थित कन्काई प्रयोगशालामा पिसिआर परीक्षण गर्दा पोजेटिभ आएको थियो । त्यसलगत्तै उनी होम आईसोलेसनमा बसेका थिए ।

तर्, उनको थप स्वास्थ्य परीक्षण गर्नुपर्ने भएकाले कात्तिक ४ गते विराटनगर स्थित नोवल मेडिकल कलेजमा भर्ना गरिएको थियो ।सोचे अनुसार एक सातासम्म नोवल मेडिकल कलेजमा स्वास्थ्यमा सुधार नआएपछि राखेर कातिक ११ गते पश्चिम बंगालको सिलिगुडीस्थित किन्स अस्पतालमा भर्ना गरिएको आचार्यकी पत्नी गीता प्रसाईं आचार्यले बताइन् । मंगलबार मेचीनगर नगरपालिका वडा नम्वर ४ का वडाध्यक्ष नवीन वराल, नगरपालिकाका प्रेस संयोजक लक्ष्मी उप्रेती स्थानीय प्रशासन प्रमुखसहितको टोलीले अस्पताल पुगेर नगरप्रमुख आचार्यको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिएको थियो ।

'अहिले मलाई धेरै राम्रो छ , डक्टरले एकसातापछि डिस्चार्ज गर्ने संकेत गर्नुभएको छ 'नगरप्रमुख आचार्यले भने, 'अहिले छाती र फोक्सोमा संक्रमण रहेछ क्रमशः सुधार हुने चिकित्सकले बताएका छन् ।' अस्पतालले आफ्नो उपचारमा कुनै कुराको कमी हुन नदिएको उनको भनाइ छ ।

## भन्सार...

काँकडभिट्टामा पठाएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता राकेश थापाले बताए ।

त्यस्तै भारतबाट अबैध रुपमा नेपालतर्फ अबैध रुपमा ल्याइदैं गरेको अवस्थामा पटका बरामद भएको छ । इलाका प्रहरी कार्यालय धुलाबारी र प्रहरी चौकी शनिश्चरेले विभिन्न स्थानबाट पटका बरामद गरेको हो ।

प्रहरी टोलीले मेचीनगर नगरपालिका -१० र अर्जुनधारा -५बाट ६ लाख ५० हजार रुपैयाँ बराबरको पटका बरामद गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता थापाले बताए । बरामद गरिएको पटका आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा राखिएको छ ।

## धिमाल ...

सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको थियो । तीनवर्षे कार्यकाल रहने समितिले गत साउन ३१ गते छैठौं राष्ट्रिय महाधिबेशन दमकको रोयल पार्टी प्यालेसमा गर्ने निर्णय गरेको थियो । महाधिबेशन सम्पन्न गर्न आवश्यक सम्पूर्ण तयारी गरिएपनि कोरोना असहजका कारण स्थगित गर्नु परेको महाधिबेशन आयोजक समितिको दावी छ ।

महाधिबेशन उद्घाटन सत्रको तयारी भईरहँदा स्थानीय प्रशासन र उपस्थित प्रतिनिधिहरुको अनुरोधका कारण महाधिबेशन स्थगित गरिएको भएपनि अहिले महाधिबेशन गर्न नसक्ने असक्षम,निष्कृय आयोजक समितिलाई हस्तक्षेप गरी सल्लाहकार समितिको अगुवाईमा महाधिबेशन गर्ने भनी गरिएको निर्णयले समग्र धिमालहरुमाथि चोट पुगेको अध्यक्ष तेजबहादुरको दावी छ । उनले अनावश्यक हल्लाको पछि नलाग्न आम धिमाल समुदायसंग अनुरोध समेत गरे । धिमालहरुको एकता,सहकार्य कायम गर्न प्रतिवद्ध भएको उनले प्रष्ट पारे ।

झापा र मोरङ्गमा रहेका आदिवासी धिमालहरु करिव ५० हजारको हाराहारीमा छन् । तर २०६८ को जनगणनामा भने धिमालहरुको जनसंख्या २६ हजार २ सय ९८ मात्र रहेको उल्लेख छ । जातीय संस्थाले भने ती दुई जिल्लाका १० पालिका र चार जिल्लासम्म आफनो संगठन विस्तार गरिसकेको छ । महाधिबेशनमा तीनै जिल्ला, पालिका ,१०३ वटा गाउँटोलसहित ८ वटा भातृ संस्था गरी ४२८ जना प्रतिनिधि रहेका थिए ।

नेतृत्वमा लोकबहादुर र कृष्ण

जातीय संस्थामा राजनीतिक पार्टीले समेत आफनो पकड बनाउन चाहेका कारण पार्टी भित्रका धिमाल अगुवाहरु नेतृत्वका लागि खुलेर लाग्दै आएका छन् । वर्तमान केन्द्रीय समितिमा कांग्रेस, जनता समाजवादी पार्टीको बाहुल्यता छ । त्यसैले सत्तारुढ नेकपा भने अवको नेतृत्व आफनो वनाउन कसरतमा जुटेको छ । महाधिबेशनमा दुवै समूहले आ-आफना प्यानल नै वनाएर उम्मेदवार सार्वजनिक समेत गरिसकेका थिए ।

नेकपा निकटका धिमालहरुले पूर्व अध्यक्ष लोकबहादुरलाई फेरि अध्यक्ष उठाएका छन् भने कांग्रेस,जनता समाजवादी निकटका धिमालहरुले भने कृष्णबहादुर धिमाललाई उम्मेदवार वनाएका थिए । दुवै प्यानलले आफनो टिम बनाएर धिमालहरुमाझ पुगिसकेका थिए ।

# चर्चित ढोलकवादक 'फूपा' को निधन

*झापा (प्रस)* । डेढ दशकदेखि भक्ति संगीतमा समर्पित चर्चित ढोलकवादक राघव राजवंशी 'फूपा' को बुधबार बिहान निधन भएको छ ।

मोरङ बेलबारी ७ निवासी ५५ वर्षिय राजवंशी लिभरको क्यान्सर रोगले थलिएका थिए । बुधबार बिहान उनको घरैमा निधन भएको छिमेकी बिक्रमश्री बाँस्तोलाले जानकारी दिएका छन् । खर्च नभएर चर्चित ढोलकवादक र नालवादक राजवंशीले उपचार गर्न सकिरहेका थिएनन् । उनको उपचारका लागि धेरैले सहयोग दिएका थिए । भक्ति संगीतमा वाद्यवादन गर्न राघव देशका विभिन्न ठाउँसँगै भारतको दार्जिलिङ, आसाम , सिक्किमसम्म पुग्ने गर्थे । विक्रमश्री वाँस्तोला , कुवेर सुवेदी , उदय दाहाल , दुर्गा ओली , भुपु पाण्डे , राजु अधिकारी , तुलसा तिम्सिना , प्रेमसागर निरौला , महेश खतिवडा , तारा घिमिरे , सुमन खनालजस्ता पण्डितहरुसँग धार्मिक कार्यक्रममा उनी प्रमुख कलाकारको रुपमा सरिक हुने गर्थे ।

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन्देश

**चाडपर्वको बेला खरीद गर्दा विचार गर्नुपर्ने कुराहरुः**

- सकभर अनलाईन सेवाबाट सामग्री खरीद गरौं,
- सामग्री खरीद गर्न घरबाट बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्कको सहि तरिकाले प्रयोग गरौं,
- दैनिक उपभोग्य सामानहरु नजिकैको पसलबाट खरीद गरौं, भीड नभएको बेला पारेर जाने गरौं,
- पसलमै गएर किनमेल गर्दा अनिवार्यरुपमा मास्कको सहि तरिकाले प्रयोग गर्नुका साथै भौतिक दुरी कायम गरौं,
- किनमेल गर्नु अघि र गरिसकेपछि साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग अनिवार्यरुपमा गरौं,
- किनमेल गरेर घरमा प्रवेश गर्दा राम्रो सँग २० सेकेन्ड सम्म मिचीमिची साबुनपानीले हात धोऔं,
- सम्भव भएसम्म दैनिक उपभोग्य सामग्रीहरु १ हप्ताको लागि पुग्ने गरी किनौं,
- भुक्तानी गर्दा विद्युतीय पद्धतिरकार्डहरु प्रयोग गरेर भुक्तानी गरौं,
- सकभर खुद्रा पैसा लिएर किनमेल गर्न जाऔं,
- बाहिरबाट आएपश्चात कसभर नुहाउने, सम्भव नभए हात, मुख र गोडाहरु राम्रोसँग साबुन पानीले मिचीमिची धोऔं,
- लामो समय र भीडभाडमा बाहिर जाँदा लगाएका कपडाहरु छुट्टै राख्ने र धोए पछि पुनः प्रयोग गर्ने गरौं,
- कामका सिलसिलामा नियमित बाहिर गईरहनु पर्ने व्यक्तिहरु घरमा बस्ने परिवारका सदस्यहरुसँग सकेसम्म न्युनतम भौतिक दुरी कायम गर्ने गरौं,
- आफुले प्रयोग गर्ने सवारी साधनको बढी प्रयोग हुने ठाउँहरु नियमितरुपले क्लोरिन घोल वा स्यानिटाइजरले सफा गरौं,

**व्यापारी वर्गहरुमा समेत विशेष अनुरोध**

- पसलहरु बिहान सबेरैदेखि अबेरसम्म खुल्ला राखौं, यसले गर्दा सेवाग्राहीहरु फरक फरक समयमा आई खरिद गर्न सक्ने हुँदा भीडभाड कम गर्न मद्दत पुग्नेछ ।
- पसलमा आउने सबै ग्राहकहरुलाई मास्क सहि तरिकाले प्रयोग गर्न, भौतिक दुरी, हातको सरसफाई गर्न प्रोत्साहित गर्ने र सो सम्बन्धि जानकारी सबैले देख्ने ठाउँहरुमा राखौं ।

**कोभिड-१९ बाट आफू बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**
सञ्चारग्राम, काठमाडौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन इकाई
भद्रपुर-झापा

## न्यूनतम समर्थन मूल्यमा धान खरिदका लागि सहकारी संस्था सूचिकृत हुने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः२०७७/०७/२०

प्रस्तुत विषयमा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, झापाको आ.ब.२०७७/०७८ को कार्यक्रम अनुसार न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धमा "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७" अनुसार झापा जिल्ला भित्र उत्पादन हुने धान न्यूनतम समर्थन मूल्यमा खरिद र व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न ईच्छुक सहकारी संस्थाहरुले यस परियोजना कार्यान्वयन इकाई, भद्रपुर, झापामा निम्न कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन (मितिः२०७७/०७/२६ गते) भित्र कार्यालय समयमा सूचिदर्ता गर्नुहुन अनुरोध छ । थप जानकारीका लागि परियोजना कार्यान्वयन इकाई, झापाको फोन नं. ०२३-५४६१८८ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

**नोटः सूचिदर्ता गर्दा पेश गर्नुपर्ने विवरणहरुः**
१. सहकारी संस्थाको नाम र ठेगाना
२. सहकारी संस्थाको शेयर पूँजी
३. सहकारी संस्थाको कार्य क्षेत्र
४. खरिद गर्न चाहेको धानको परिमाण, किसिम
५. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरी ईच्छुक क्षेत्र
६. धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत
७. खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण
८. धान खरिद, ढुवानी भण्डारण, प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण
९. धान खरिद विक्रीको लागि आवश्यक पर्ने अन्य विवरण

**सूचिदर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरुः**
१. निवेदन
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी
३. संस्थाको स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. आ.ब.२०७७/०७८ को कर चुक्ताको प्रमाणपत्र

( गोविन्द मगर )

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
बिर्तामोड, झापा

## शिलबन्दी कोटेशन माग गरिएको बारे ।

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१९

बिर्तामोड नगरपालिकाको कृषि विकास शाखाद्धारा चालु आर्थिक वर्ष २०७७/०७८ को लागि संचालित एक समुह एक उत्पादन अन्तर्गत आलु खेती कार्यक्रमका लागि तपशिल बमोजिम आलुको विउ आवश्यक भएको हुँदा ईच्छुक फर्महरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दि दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| शिलबन्दी को.नं. | सामाग्रीको विवरण | | परिमाण( कि.ग्रा.) | अधिकतम मूल्य प्रति कि.ग्रा. (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | आलुको विउ | कार्डिनल | १५००० | ९६ | |

- उपरोत्तानुसारको सिलबन्दी दरभाउपत्र न.पा.को कृषि विकास शाखामा रु. १००० दस्तुर तिरेर खरिद गर्नुपर्नेछ ।
- सिलबन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्ति/फर्मले मु.अ. कर दर्ता प्रमाणपत्र, फर्म दर्ता नविकरण प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्र सहित निवेदन पेश गर्नु पर्नेछ ।

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
बिर्तामोड, झापा

## अनुदानको मल बिक्रेता सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१९

प्रश्तुत विषयमा भूमि व्यवश्था कृषि तथा सहकारी मन्त्रालय विराटनगरको च.नं. २१६ मिति २०७७/०६/१२ गतेको परिपत्र अनुसार अनुदानको मल वितरण व्यवशथापन निर्देशिका २०७७ को परिच्छेद ३ को दफा १५ अनुसार आ-आफ्नो स्थानिय तहहरुमा मल बिक्रेता छनौट गरि मल वितरक कम्पनीमा नियूक्तिका लागि सिफारिस गरि पठाउनु पर्ने भएकोले बिर्तामोड नगरपालिका भित्र रहेका इच्छुक सहकारी, फर्म वा कम्पनीहरुले अनुदानको मल बिक्रि वितरण गर्नका लागि तपशिल बमोजिमका कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले ७ दिन (२०७७/०७/२६) भित्रमा बिर्तामोड नगरपालिका कृषि विकास शाखामा निवेदन दिनुहुनको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**
१) आवेदन ।
२) सहकारी संस्था, फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३) विगत २ आ.ब.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
४) स्थायी लेखा नं. र दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
५) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
६) सम्बन्धित वडा कार्यालयको सिफारिस ।
७) नापतौल गर्ने मेसिन, गोदाम घर, सुचना, प्रविधि लगायतको भौतिक पूर्वाधारहरुको विवरण ।
८) अनुदानको रसायनिक मल विक्रि गरिरहेको भए गत १ आ.ब. को मल खरिद बिक्रिको विवरण ।
९) अनुभव र कार्यक्षमताको विवरण ।

**नोट : प्रत्येक वडा बढीमा २ वटा मल बिकेताका दरले बढीमा २० वटा मल बिकेता छनौट गरि सिफारिस गरिने छ ।**

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकिय अधिकृत

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सूचना

प्रदेश नं. १ झापा जिल्ला, शनिश्चरे गा.वि.स वार्ड नं.-०२ स्थायी ठेगाना भई हाल अर्जुनधारा नगरपालिका वार्ड नं.-०८ बस्ने श्री नन्द लाल भट्टराईको छोरो, श्रीमती सरस्वती भट्टराईको पति श्री हरि प्रसाद भट्टराईको, मिति २०७६/०९/१२ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय शनिश्चरेमा रहेको वचत खाता नं. ००७०१०००३८७६३००००१ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँभनी मृतकको श्रीमती सरस्वती भट्टराईले मिति २०७७/०७/१६ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सुचनाद्धारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
शाखा कार्यालय, शनिश्चरे
फोन नं. ०२३-४६५००२

## पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

### औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

## हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

### सफलतापूर्वक उपचार हुने समस्याहरू

ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.**
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# जिउँदाको ख्याल गरौं

यतिबेला कोरोना संक्रमणको उच्च जोखिम हुँदाहुँदै संक्रमणबाट मृत्यु भएका व्यक्तिको मलामी अत्यधिक जाने क्रम बढेको छ । संक्रमणबाट मृत्यु हुने व्यक्तिको अन्त्येष्टि परिवार आफैले गर्ने इच्छा राख्नाले संक्रमणको जोखिम बढेको छ । कोरोनाले मत्यु भएका कतिपय व्यक्तिको शव नेपाली सेनाले र कतिपयको परिवार आफैले अन्त्येष्टि गर्ने गरेका छन् । सरकारले 'कोभिड–१९' का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि' संशोधन गर्दै घरमै आइसोलेशनमा संक्रमितको निधन भएमा आफन्तले शव व्यवस्थापन गर्न पाउने व्यवस्था गरेको छ ।

'कुनै व्यक्तिको घरकै आइसोलेशनमा मृत्यु भएमा आफन्तले स्थानीय प्रतिनिधि र प्रहरीलाई खबर गर्नुपर्छ । शवलाई आफन्तले पीपीई (पञ्जा, मास्क र पुरा बाहुला भएको गाउन) लगाई र्‍याप गर्ने र बडीब्यागमा राख्ने काम गर्नुपर्छ', संशोधित कार्यविधिमा भनिएको छ, 'आइसोलेशनमा राखेको स्थानबाट शव बोक्ने गाडीसम्म शव पनि आफन्तले नै लैजानु पर्छ । शव बाहन नभएको स्थानमा शव बोक्न प्रयोग हुने खट बोक्ने व्यक्तिले मृत शरीर नछुने गरी बनाउनु पर्छ र उनीहरुले सुरक्षा सामग्रीको प्रयोग गर्नु पर्छ ।' तर कोरोनाले मृत्यु भएका व्यक्तिको अन्त्येष्टिमा यी सावधानीका उपायहरु अपनाएको पाइदैन ।

मृतकका आफन्तहरुले शव व्यवस्थापन गर्दा खासै सतर्कता रहने गरेका छैनन् ।अन्तिम संस्कारमा परिवारका सदस्यहरु र संस्कारमा संलग्न हुने व्यक्तिले सावधानी अपनाई अन्त्येष्टि गर्नु पर्ने स्वास्थ्य मन्त्रालयले बताएको छ । तर अन्त्येष्टिमा भने बच्चा र ६० वर्षभन्दा माथिका व्यक्ति लगायत जोखिम समूहमा पर्ने व्यक्ति समावेश नगराउन अनुरोध गरेको छ । मरेर जाने स्वर्गवास हुन्छन् । तर , महामारीबाट जिउँदाले ज्यान जोगाउनु पर्ने हुन्छ । हरेक धर्मावलम्बी र जातजातिको आ–आफ्नो मृत्यु संस्कार छ । कोरोना महामारीको बढ्दो त्रासका कारण ती संस्कारप्रति हामीहरुले उदार बन्नु पर्ने जरुरी भएको छ ।

# शासक फेर्ने कि शासन पद्धति ?



❖ तपराज जोशी

बहुमत प्राप्त सरकारका पछिल्ला गतिविधि तथा बेलाबखत देखिने अकर्मण्यताले जनमानसमा नैराश्य बढ्नुका साथै शासकीय स्वरूप परिवर्तनसम्बन्धी बहस फेरि सुरु भएको छ । हामीकहाँ प्रत्येक दस वर्षमा शासन व्यवस्थामाथि नै प्रश्न उठ्नु र छोटो छोटो समयमा शासन प्रणाली परिवर्तन हुनु नियमित प्रक्रियाजस्तै भइसकेको छ । व्यवस्था जुनसुकै आए पनि नेतृत्वमा भने एउटै व्यक्ति आजीवन रहिरहने, ऊ कहिलै अयोग्य र अप्रासङ्गिक नहुने तर व्यवस्था भने छोटो समयमा पटकपटक फेरिइरहने अवस्थाले अहिले केही प्रश्न पनि उब्जाएको छ – के साँच्चीकै नेपालमा प्रजातान्त्रिक व्यवस्था सफल नहुने नै हो ?

अथवा विगतमा प्रयोग गरिएका शासकीय स्वरूप अनुपयुक्त नै थिए त ? वास्तवमा प्रजातान्त्रिक व्यवस्था आफैँमा खराब हुँदैन । यसलाई शासकवर्गको सापेक्षतामा मूल्यांकन गरिनु उपयुक्त हुन्छ । व्यवस्थाका सञ्चालकहरूको नियत, व्यवहार र व्यवस्थाप्रतिको प्रतिबद्धताले यसलाई निरन्तर प्रभावित पारिरहेको हुन्छ । हाम्रो देशमा नेतृत्व कहिलै असान्दर्भिक नहुने तर व्यवस्था जति नै असल भए पनि लामो समय टिक्न नसक्नु आफैँमा आश्चर्यजनक देखिन्छ ।
विश्वमा प्रजातान्त्रिक शासन व्यवस्था भएका मुलुकहरूमा व्यवस्था नेतामुखी नभएर नीतिमुखी भएको पाइन्छ । जनताका आवश्यकता र चाहनालाई स्थानीय नीतिदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका लागि बनाइने नीतिहरूमा प्रतिविम्बित गराउन सक्नु नै जनप्रतिनिधिहरूको सफलता मानिन्छ । नीति निर्माणमा जनताको नियन्त्रण हुनु नै प्रजातन्त्रको अनुभूति हुनु हो ।
तर, हाम्रो देशमा पञ्चायती व्यवस्थादेखि नै स्थापित नेतामुखी अभ्यासले प्रजातन्त्रको स्थापना पश्चात् पनि प्रत्यक्षपरोक्ष रूपमा निरन्तरता पाइरहेको देखिन्छ । हरेक शासकहरूलाई असल एवम जनमुखी नीति तथा स्वतन्त्र, निष्पक्ष र पारदर्शी प्रणालीहरूको स्थापना भयो भने आफ्नो भूमिका घट्छ कि भन्ने त्रास भएको यथार्थ उनीहरूका क्रियाकलापबाट नै झल्किन्छ ।
निर्वाचित जनप्रतिनिधि राज्यशक्ति आफूमा केन्द्रित भएको देख्न चाहन्छन् । हरेक कुराका लागि जनताले उनीहरूकहाँ निरन्तर धाइराख्न परोस् र हरेक सकारात्मक परिणामको जस लिन पाइयोस् भन्ने तिनको चाहना देखिन्छ । अझै अचम्म त के छ भने प्रजातान्त्रिक व्यवस्था स्वीकार गरेर निर्वाचित जनप्रतिनिधिहरू एकपटक निर्वाचन जितेपछि पाँच वर्षका लागि आफू शासक र जनता शासित भएको जस्तो व्यवहार देखाउन थाल्छन् । प्रजातन्त्रको अभ्यास केही विकसित भएका विश्वका अधिकांश मुलुकहरूमा असली शासक जनता नै हुन्छन् । जनप्रतिनिधिहरू त राज्य र जनताका बीचमा समन्वयकर्ता अर्थात् जनताका चाहनालाई राज्यको माथिल्लो निकायसम्म पुऱ्याउने संवाहक र जनतालाई हरेक निर्णय प्रक्रियामा सहभागी गराउने अभिकर्ताको भूमिकामा देखिन्छन् ।

यसविपरीत हामीकहाँ जनप्रतिनिधिहरू उत्कृष्ट नीति निर्माण गर्दै जनतालाई सुशासनको प्रत्याभूति गराउनुको साँटो सबैलाई आफ्ना वरिपरि कसरी केन्द्रित गर्ने र नीतिविहीन अवस्थाको फाइदा उठाउँदै आफू कसरी शक्तिशाली बन्ने भन्ने दाउमा भएको देख्न सकिन्छ । एउटा नेता आफूलाई शक्तिशाली देखाउन योग्य उमेदवारलाई पाखा लगाउँदै निम्न श्रेणीमा पास गरेको व्यक्तिलाई जागिर खुवाउन आफ्नो सम्पूर्ण शक्ति लगाइरहेको हुन्छ ।

त्यसैगरी आफन्त आसेपासे सहयोगीलाई नियुक्ति, बढुवा तथा आकर्षक स्थानमा सरुवा गर्न लागिरहेको हुन्छ जसबाट उसको शक्तिको ओजका अगाडि सबै झुकुन् र ऊ निर्विकल्प नेता भइराखोस् । बजेटको सन्तुलित तथा निष्पक्ष वितरण गर्दै मुलुकको सर्वाङ्गीण विकासलाई टेवा पुऱ्याउनुको साँटो आफ्नो शक्ति र पहुँचको प्रयोगद्वारा आफ्नै क्षेत्रमा मात्र बजेटको ठूलो हिस्सा पार्न चाहन्छ ।
यसले गर्दा सन्तुलित विकासको अवधारणा कमजोर हुँदै गइरहेको छ । सम्पूर्ण राज्य संयन्त्रहरू नै उपयुक्त प्रणालीको माध्यमबाट नभई शक्ति र पहुँचको आड र निर्देशनमा चल्ने हुँदा न देशले कहिल्यै असल विदेश नीति पाएको छ, न शैक्षिक तथा आर्थिक नीति पाएको छ, न त राष्ट्रिय तथा व्यक्तिगत सुरक्षा नीतिहरू नै पाएको छ । सानो उदाहरण, एउटा विद्यार्थी आफ्नो सम्पूर्ण क्षमता लगाएर अध्ययन गर्छ ।
जब ऊ परीक्षामा सामेल हुन्छ तब मूल्यांकन प्रणाली सही नभएका कारण अपेक्षित स्थान प्राप्त गर्न नसक्दा पुनर्मूल्यांकनका लागि ऊ विभाग तथा कक्षाकोठामा आगजनी गर्ने अवस्थासम्म पुग्छ । एउटा प्राध्यापक नियुक्ति तथा बढुवाका लागि प्राज्ञिक कार्य गर्नुको साँटो नेताको घरदैलो चहार्दै हिँडिरहेको देखिन्छ ।

इमानदारीपूर्वक सरकारलाई कर तिर्दै कानुनको परिधिभित्रै रहेर व्यापार गर्ने व्यापारीले कहिल्यै उन्नति गर्न सक्दैन भने कालोबजारी गर्दै कर छल्नेहरू रातारात मालामाल भइरहेका हुन्छन् । लोकसेवा पास गरेर स्वतन्त्र र असल प्रशासक बन्न चाहेको व्यक्ति कर्मथलोमा पुगिसकेपछि निराश हुँदै कुनै न कुनै पार्टीको कार्यकर्ता बन्न बाध्य हुन्छ । विदेश नीतिमा सन्तुलन तथा एकरूपता पाइँदैन । नेतृत्वपिच्छे फरक फरक नीति र अभ्यास देखिन्छ । छिमेकी तथा अन्य मित्र राष्ट्रहरूसँगको सम्बन्ध राष्ट्रिय स्तरमा भन्दा व्यक्तिगत तहमा स्थापित भएको देखिन्छ ।
राज्य संयन्त्रभित्र देखिएका कुशासनका यस्ता उदाहरणहरू हामीकहाँ अस्वस्थ र गैरजिम्मेवार पार्टी राजनीतिको उपजका रूपमा विकसित भइरहेका छन् । यसको बीजारोपण र संरक्षण पनि पार्टीहरूले नै गरिरहेको देखिन्छ । जनताको स्वार्थलाई शिरोधार्य गर्दै पार्टी निर्माण, गठन र सञ्चालन भएको उदाहरण पाउन गाह्रो भइसकेको छ ।
पार्टी राष्ट्र र जनताका लागि समर्पित संस्था हुनुको साँटो केही शक्तिशाली नेताहरूको व्यक्तिगत स्वार्थलाई टेवा पुऱ्याउने र उनीहरूलाई सत्तासम्म पुऱ्याउने भऱ्याङका रूपमा प्रयोग भइरहेको देख्न सकिन्छ । दलहरूले उमेदवार छनोट गर्दा पनि जनताले रुचाएको व्यक्तिभन्दा आफ्नो स्वार्थलाई टेवा पुऱ्याउने र उनीहरूका विविध आकांक्षालाई परिपूर्ति गर्नसक्ने व्यक्तिलाई नै छनोटको पहिलो प्राथमिकतामा राखेको देखिन्छ । यसरी उमेदवार बनेको व्यक्ति निर्वाचित भएपछि जनताप्रति जबाफदेही हुनुभन्दा आफूलाई सो स्थानमा आसीन गराउने पक्षप्रति बफादार हुने गर्छ ।

उपर्युक्त परिवेशका कारण अहिले हाम्रो राजनीतिक परिदृश्यमा केही प्रश्नहरू उठ्नु स्वाभाविक भएको छ– हामीले अवलम्बन गरेको व्यवस्था नै उपयुक्त नभएका कारण सुशासन दिन नसकिएको हो भने संविधानको कुन धारा अथवा कुन कानुनी प्रावधानले सुशासन दिन रोकेको छ ? के राज्य सञ्चालकहरूले संविधानको मूल मर्म र भावनाअनुसार राज्य सञ्चालन गरेका छन् त ? सुशासन नहुनुको कारण शासन व्यवस्थामात्र हो कि शासकवर्ग पनि ? एउटै व्यक्ति पटकपटक नेतृत्वमा पुगेर पनि देश र जनताका लागि ठोस उपलब्धि दिन नसकेका कारण यो अवस्था सिर्जना भएको हो भने व्यवस्था कसरी दोषी हुन्छ ? नेतृत्व दोषमुक्त हुने आधार खै ? आफ्नो कमजोरी कहिल्यै नदेख्ने शासकवर्गले यसको चित्तबुझ्दो जबाफ जनतालाई दिनुपर्छ कि पर्दैन ?
शासन प्रणालीहरू साध्य नभएर साधनमात्र हुन् । साधनमा केही प्राविधिक त्रुटि देखिएमा साधन नै फेर्नुको साँटो त्यसमा आवश्यक परिमार्जन गर्नु उपयुक्त एवं मितव्ययी पनि हुन्छ । पटकपटकका नयाँ नयाँ प्रयोग र त्यसलाई संस्थागत गर्न गरिने संरचनागत आमूल परिवर्तनले मुलुकमा एकातिर ठूलो आर्थिक भार थपिरहेको हुन्छ भने अर्कोतिर राजनीतिक अस्थिरतालाई पनि निम्त्याइरहेको हुन्छ । निश्चित अवधिपछि राज्यले यति ठूलो आर्थिक भार र यसबाट उत्पन्न राजनीतिक संकटको मूल्य पनि चुकाउन सक्दैन । त्यसैले शासकीय प्रणालीमा देखिएका सानातिना कमीकमजोरीलाई व्यवस्थित गर्दै जानु नै उपयुक्त हुन्छ ।
कुनै पनि राजनीतिक प्रणाली प्रकृतिप्रदत्त होइनन् । ती त विभिन्न कालखण्डमा जनचाहना र राष्ट्रिय आवश्यकताअनुसार निर्माण र परिमार्जन हुँदै आइरहेका छन् । हाम्रो देशमा भने एउटै नेता पञ्चायती व्यवस्थादेखि संसदीय प्रणाली हुँदै गणतन्त्रसम्मका सबै शासकीय स्वरूपका लागि योग्य र उपयुक्त देखिने तर त्यही नेतृत्वले कुशलतापूर्वक सञ्चालन गर्न नसकेको शासकीय प्रणाली अनुपयुक्त मानिने परिपाटी प्रजातान्त्रिक व्यवस्थाका लागि घातक छ । यसले 'जुन राजनीतिक विचारलाई राज्यले आत्मसात गरेको हुन्छ त्यही विचार भएको व्यक्तिको नेतृत्व उपयुक्त हुन्छ' भन्ने सामान्य राजनीतिक मान्यतालाई पनि स्वीकार गरेको देखिँदैन । कसैले पनि आफ्नो अक्षमता लुकाउन तथा व्यवस्थालाई दोषी देखाएर व्यवस्था परिवर्तन गर्दै पुनः पुनः शासनसत्तामा पुग्न खोज्नु गैरराजनीतिक चरित्रको उदाहरण हो ।

बेलायत, अमेरिका, अस्ट्रेलियालगायत विश्वका विभिन्न देशमा शताब्दीयौँदेखि एउटै संविधान र एउटै व्यवस्था निरन्तर चलिरहेको छ । बरु, नेतृत्व भने छोटो समयमा नै विस्थापित भएको देखिन्छ । शासन व्यवस्थामा कुनै प्राविधिक कठिनाइ अथवा बाधा अड्चन देखिएमा आवश्यक परिमार्जन गरिन्छ तर नेतृत्व निश्चित अवधि र लक्ष्य प्राप्तिपछि स्वतः निवृत्त हुने प्रचलन हुन्छ । विकसित मुलुकहरूमा राष्ट्रपति, प्रधानमन्त्रीलगायतका सार्वजनिक पदहरूका लागि निश्चित समयावधिसम्म मात्र प्रत्याशी बन्न पाइन्छ तर हामीकहाँ भने नेतृत्व पदसँगै आर्यघाटसम्म पुग्ने परम्परा अझै कायम रहेको छ । नेतृत्ववर्गमा कुर्सीमोह यति धेरै देखिन्छ कि अघिल्लो पुस्ताका नेतृत्वकर्ताको जीवन समाप्त नभई पछिल्लो पुस्तामा नेतृत्व हस्तान्तरण सम्भव नै हुँदैन । त्यसैले पद्धतिलाई दोष दिनुभन्दा पहिला नेतृत्वको आचरण, व्यवहार, जनताप्रतिको जबाफदेही भए नभएको निष्पक्ष मूल्यांकन गरिनुपर्छ । अनिमात्र शासक फेर्ने कि शासन पद्धति फेर्ने भन्ने निष्कर्षमा पुग्नु उपयुक्त हुन्छ ।

*( समाजशास्त्र विषयअन्तर्गत 'प्रजातन्त्र र सुशासन' शीर्षकमा विद्यावारिधि शोधार्थी)*

# सरकारले संविधान नमान्ने अनि जनताले किन मान्ने ?

❖ भरतबहादुर विष्ट

विगत सात दशकमा सातवटा संविधान फेऱ्यौं । त्यत्तिकै व्यवस्था परिवर्तन गऱ्यौं । राजा फेऱ्यौं, राजनीतिक दल फेरबदल गर्‍यो, कुर्सी बदलिए, पात्र परिवर्तन भए, धेरै प्रधानमन्त्री परिवर्तन भए, तर कुसंस्कार र आचरण बदल्न सकेनौं । यो नेपाली राजनीतिक इतिहासकै सबैभन्दा घतलाग्दो प्रश्न हो । आन्दोलन गर्न जान्ने, भ्रष्टाचार गर्न जान्ने, गुटबन्दी गर्न जान्ने, छलकपट गर्न माहिर, अर्काको खुट्टा तान्न निपुण तर सकारात्मक नैतिक आचरण बनाउन कहिल्यै जानिएन । संविधानसभाबाट बनाएको संविधान बढी प्रभावकारी होला भनियो । जनताका प्रतिनिधिले बनाएको संविधानले जनताका हक र अधिकार सुरक्षित गर्ला भन्ने आमबुझाइ थियो । सधैं अस्थिर राजनीति, हत्याहिंसाले आक्रान्त मुलुकका मुलुकवासी नेपालीको प्रमुख चाहना शान्ति हो । मुलुकमा कसरी शान्ति आउँछ भन्ने गहिरो पर्खाइमा थिए नेपाली जनता ।
संविधानको पूर्ण कार्यान्वयन गर्नका लागि स्थिर सरकारको आवश्यकता पर्छ भन्ने थियो । महान् नेपाली जनताले लौ त भनेर त्यसमा पनि जनयुद्ध गरेर आएको पार्टी र नेपालको लामो लोकतान्त्रिक आन्दोलनमा आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गरेको सरिक पार्टी, प्रगतिशील वाम गठबन्धन, दुई पार्टीको गठबन्धनलाई नयाँ नेपाल, राज्यको पुनर्संरचना, आधुनिक, शान्ति, स्थिरता, स्थायित्व, समृद्धशाली नयाँ राजनीति मार्गचित्र निर्माणका खातिर नेपाली जनताले आफ्नो अमूल्य मतको भारीमार्फत दुईतिहाइको गह्रुँगो भारीको अभिभारा सुम्पेका थिए । संविधानको मर्मअनुसार देश संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापन भयो । आमनिर्वाचन भयो, संघ, प्रदेश र स्थानीय तहको निर्वाचन पनि भयो । तदनुरूपका सरकार गठन भए । वर्तमान सरकारको आधाआधी समयावधि सकिन लाग्दा तिनै सरकार संविधानको निर्देशित सिद्धान्त पनि पूर्ण पालना र कार्यान्वयन गर्न असफल भए ।
संसार कोरोना महामारीको गम्भीर, उच्च जोखिम, भयानक चपेटामा गुज्रिएको छ । यसबाट नेपाल अछुतो रहने कुरै भएन । कोभिडको उपचार त छैन । अझैसम्म भ्याक्सिन पत्ता लगाउन सकिएको छैन । यसमा सयौं देशका वैज्ञानिक, डाक्टर, अनुसन्धानकर्ता, प्रयोगकर्ता अनवरत लागिपरेका छन् । अझै सफलता हात पार्न सकेका छैनन् । त्यो समयसम्म आफ्ना जनतालाई कसरी बचाउन सकिन्छ भनेर लागिपरेका छन् । नागरिकको जीउधनको रक्षा गर्नु सबै सरकार अनि राज्यको दायित्व पहिलो कर्तव्य हो । तर नेपाली जनजीवन आक्रान्त, भयभीत हुँदै गर्दा नेपाल सरकार आफ्ना जनताप्रति अनुदार भएको पुष्टि हुँदै गएको छ । आफ्ना जनताप्रति गैरजिम्मेवार रूपमा प्रस्तुत भएको छ । अहिले कोरोनाको उपचार त छैन, उपचार नै गर पनि भनेको छैन, होइन ? तर मात्रै परीक्षण सरकारले निःशुल्क गरिनुपर्छ भनेको अवस्था हो । सरकारले निर्माण गरेको कोरोना नियन्त्रण राहतकोषमा झन्डै ३ अर्ब पैसा उठेको थियो, जसको फितलो परिचालनले त्यस्ता अनगिन्ती अर्ब रुपैयाँ बालुवामा पानी हालेजस्तै गऱ्यो ।
एकपटक देखासिकी क्वारेन्टाइन बनाउने विषय होडबाजी नै चल्यो, केके न गर्छु जस्तो गरेर । तर भित्रभित्र मनसायचाहिँ अर्कै रहेछ । कहीँ कोरोनाको नाममा, असुरक्षित, अव्यवस्थित क्वारेन्टाइन निर्माणका नाममा त कतै बिना मापदण्ड बनाइएका आइसोलेसन वार्डमा ठूलो आर्थिक अनियमित भ्रष्टाचार भयो । स्वास्थ्य सामग्री खरिददेखि जनशक्ति परिचालनसम्म ठूलो घोटाला गरियो । सरकार उस मातहतका युनिटहरूले सही समयमा सही निर्णय गर्न नसक्दा जनताले पाउनसम्म दुःख पाए । लामो समय देशलाई लकडाउन गरियो, जसका कारण श्रमजीवी, गरिब, विपन्न जनतादेखि मध्यमवर्गीय मानिस पनि लकडाउनको चपेटामा परे । आज जनतासँग नुन किन्ने पैसा छैन । बेचैनी छन्, रोजगारी गुमेको छ । यस्तो अवस्थामा देशलाई पुऱ्याएर, आज कोरोना परीक्षण पनि आफैं गर भनेर जनतालाई अलपत्र छोड्न मिल्छ ? खै राहत बाँड्ने स्थानीय तहका सरकार ? खै संघीय सरकार ? खै निकम्मा प्रदेश सरकार ?
नेपालको संविधान धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक : उपधारा (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक सेवाबाट वन्चित गरिने छैन । (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको हक हुनेछ । (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा पहुँचको हक हुनेछ । (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा पहुँचमा हक हुने छ । अनि त्यहीँ संविधान लेख्नकै लागि हजारौं नागरिकले जीवनको बलिदान गर्नुपर्ने, लाखौं घाइते अपाङ्ग हुनुपर्ने, लाखौं बालबालिका टुहुरा बन्नुपर्ने, लाखौं आमाका कोख रित्तो गर्नुपर्ने, लाखौं नारीका सिन्दूर पुछिने, राज्यकोषबाट खर्बौं रुपैयाँ खर्च गरिनुपर्ने । आज संविधानमा भएका हक पनि कार्यान्वयन नहुँदा कस्तो अचम्म है । नागरिक अधिकारका निम्ति आफ्नो ज्यान उत्सर्ग गर्ने जनता हरेक आन्दोलनमा ढाल बन्नुपर्ने जनताले, भोट दिनुपर्ने जनताले, कर तिर्नुपर्ने जनताले अनि तिनै जनताले प्राप्त गरेको संविधानमै किटानी गरेको हकको प्रत्याभूति नहुने ?

अहिले आएर सरकार भन्छ, सरकारले निःशुल्क उपचार गर्न सक्दैन । यस्तो महामारीको समयमा सान्त्वना सहानुभूति दिनुपर्ने कता हो, कता उल्टै गैरजिम्मेवार तरिकाले आम नागरिकलाई हतोत्साहित गर्ने ढंगबाट प्रस्तुत हुँदा सरकारको नैतिक संवैधानिक वैधानिकता हैसियत गुमेको मानिँदैन र ? कोरोनाको कारण मृत्यु भएकाको लास पनि व्यवस्थापन स्वयम् परिवारले गर्ने भन्छ । हत्तेरी ! हिजो विश्व स्वास्थ्य संगठनले बनाएको गाइडलाइन प्रयोग गर्ने आज कसको गाइडलाइनमा चलेको छ, सरकार ? जुनबेला जोखिम नै थिएन, दुनियाँ भरका नियम आदेश दिने अहिले वास्तविक जोखिम बढेर गएको छ । कोरोना समुदाय स्तरमा भुस्साको आगोझैं सल्केको छ, यस्तो महामारीको समयमा आफ्ना नागरिकलाई अलपत्र छोड्न मिल्छ ? सरकार भनेको अभिभावक हो । खाली पद हड्पेर कुर्सीमा टाँसिएर बस्नुको कुनै तुक छैन ।
सत्ता प्राप्तिलाई उपलब्धि ठान्ने नैतिकताहीन राजनीति हो । सबै नीतिको उच्च राजनीति हो । राजनीतिमा नैतिक कर्तव्य, उत्तरदायित्व र समर्पण भाव अनिवार्य कुरा हुन् । वर्तमान ओली नेतृत्वको सरकार, त्यसका युनिटसँग कहीँ कतै कुनै गुण र गुन भेट्टिएन । आफू प्रधानमन्त्री हुन पाएको मात्रै उपलब्धि ठान्ने हो भने सयमा सय प्रतिशत ठीक छ । पाँच वर्षसम्म कसैले हल्लाउन सक्दैन । स्थिर सरकार भनेकै यही हो भने पनि त्यहाँसम्म ठीक छ । राजनीति पेसा हो भने त्यो कुरासँग पनि वर्तमान नेतृत्व र सरकारको कामकारबाही शैली मेल खान्छ । होइन, सुशासनका लागि हो, स्थायित्वका लागि हो, जनताको जीउधनको सुरक्षा गर्नका लागि हो भने कहीँ कतै मेल खाँदैन । तलबभत्ताका लागि अनैतिक अत्याचार, लुट, भ्रष्टाचार गर्नका लागि सात पुस्तालाई पुग्ने गरी सम्पत्ति जोहो गर्ने नियतका साथ सरकारमा गएको हो भने भन्नु केही छैन । तर, अहिलेसम्म भएको देखिएको आन्तरिक मनसाय यहीँ हो ।
संविधान किन चाहियो ? यत्रो समयको बर्बाद ठूलो धनजनको क्षति किन गर्नुपरेको होला ? भन्ने जनताको भनाइ हो । संविधानको कार्यान्वयन भनेको के हो । संविधानसभाले बनाएको संविधानलाई ओझेलमा पारेर निस्तेज गरेर आफ्नो भ्रष्ट अभीष्ट पूरा गर्नका लागि हो ? लोकतान्त्रिक सरकार भनेको कानुनद्वारा निर्देशित हुन्छ । आफ्नो दलगत गुट-उपगुटबाट बहुमत पुऱ्याएर जथाभावी राज्यको सार्वजनिक सम्पत्तिमाथि कब्जा जमाउने देशको प्राकृतिक स्रोतको तस्कर माफियामार्फत राजनीतिक संरक्षण गरेर सुशासनको उपदेश दिनु बिल्कुल अलोकतान्त्रिक भ्रष्ट मनोदशाबाट ग्रसित मानसिक राजनीति हो । जनतालाई महामारीको समयमा पनि आफ्नो कर्तव्यबोध गर्न नसक्ने सरकारलाई कसरी लोकतान्त्रिक सरकार भन्ने ? यो गैरजिम्मेवार सरकार हो, यस्तो सरकारलाई सत्तामा बसिरहने नैतिक अधिकार पनि छैन ।

१८ करोडमा गाडी चढ्ने, सडक खाली गराएर श्री ५ महाराजधिराजको सवारी होइबक्सेजस्तो अगाडिपछाडि लावालस्कर साइरन बजाएर सुरक्षाकर्मीको घेराउमा तामझाम हे र त्यहाँ ! लाज सरम असुहाउँदो भद्दा तामझाम । अनुहार हेर अनुहार, सात दिनसम्म खाना पानी नखाएर एक्कैपटक चौरासी व्यन्जनको खाना खाएर अघाएजस्तो । अझै औषधि उपचार खर्च, इन्धन खर्च, स्वकीय सचिवको तलबभत्ता, पुगेन दसैं खर्च, घरभाडा, सांसद विकासको दुरुपयोग त कसैले बोलेकै छैन । त्यहाँबाट आउने कमिसन मिलोमतोमा भ्रष्टाचार गरेको कसले भन्न सक्छ ? यदि कुनै न्यायाधीश होस्, अख्तियार, भ्रष्टाचारसम्बन्धी मुद्दा हेऱ्यो भने महाभियोगका लागि तयार हुनु नत्र ठीक हुनेछैन । लौ जा अख्तियर पनि हेरेको हेरेरमात्र । ई ! खा लौ जा ! तिम्रो बाउको । जनताले खाऊ, भनेर पठाएको हो, धार्मिक मान्यता अनुसार खानेबेला बोल्नु हुँदैन, डिस्टप गर्नु हुँदैन के ?
सरकार संविधान कुल्चने सर्वोच्च अदालतले दिएको अन्तरिम आदेश, फैसला पनि नमान्ने, संविधानका धारा उपधारा पनि नमान्ने, अनि संविधानको के अर्थ रह्यो र ? प्रमुख प्रतिपक्ष नभएको जस्तो लाग्यो । यस्तोमा महामारीको समयमा सरकार यति भ्रष्ट अनैतिक नालायक रूपमा प्रस्तुत हुँदा पनि कानमा तेल हालेर, हातमा दही जमाएर बसेको छ । आफ्नैं घर झगडामा रनभुल्ल छ । जनताप्रति इमानदारी, कर्तव्यबोध नगरेर खाली प्रेस विज्ञप्ति निकालेर अनौपचारिक कर्तव्य निर्वाह गरेजस्तो झारा टार्ने गरेको पाइन्छ । नेपालको संविधान, २०७२ देशको मूल कानुन राष्ट्रिय सहमतिको साझा दस्तावेज मानेको होइन र ? संविधानको परिपालन गर्ने/गराउने प्रमुख अभिभारा कसको, राजा ज्ञानेन्द्रको ? कि सरकारको ? तिमीहरू संविधान मान्दैनौ भने राजा ज्ञानेन्द्रले किन यो संविधान मान्नुपऱ्यो र ? प्रश्न त उठ्छ उठ्छ । जे पनि बोल्ने जे पनि गर्न पाइन्छ ? सार्वजनिक ओहदामा बसिसकेपछि, ओहदामा मान हुन्छ, मर्यादा हुन्छ, कार्यभार हुन्छ होला ? त्यससँगै नैतिक जिम्मेवारी र कर्तव्य पनि जोडिएको होला नि त ?

# संघीयता असफल बनाउने खेल : मुख्यमन्त्री राई



*झापा (प्रस)* । प्रदेश-१का मुख्यमन्त्री शेरधन राईले संघीयतालाई असफल बनाउने षडयन्त्र भइरहेको बताएका छन् । बुधबार विराटनगरमा नेपाल स्काउट प्रदेश- १ तदर्थ समितिको सपथ ग्रहण कार्यक्रममा बोल्दै राईले अस्थिरता निम्त्याउने खेल सुरु भइसकेको बताए ।
'अहिले पनि यो संविधानलाई कार्यान्वयन नगराउन र संघीयतालाई असफल बनाउन विभिन्न ठाउँबाट षडयन्त्र भइरहेका छन्', उनले भने, 'नेपाललाई फेरि अस्थिरतातर्फ कसरी धकेल्न सकिन्छ भन्ने कार्यहरु भइरहेका छन् । त्यसतर्फ हामी सचेत हुनुपर्छ ।' परिवर्तनका उपलब्धिलाई जोगाउँदै जनताको सपना पूरा गर्न समृद्धिको यात्रा तय गर्नुको विकल्प नभएको भन्दै राईले यसका लागि सबैजना एकजुट हुनुपर्ने धारणा व्यक्त गरे । मुख्यमन्त्री राईले जनताको चाहना स्थायी शान्ति, सुशासन र विकास भएको भन्दै सबै तहका सरकारले सोही मर्मलाई आत्मसात गर्दै अघि बढ्नुपर्ने बताए ।

# कोरोना बिमाको भुक्तानी एक साताभित्रै दिन निर्देशन

**बिमा कम्पनीहरूले प्रयोगशालाको रिपोर्ट नक्कली आएको, अदालतमा मुद्दा परेको, सरकारले दिनुपर्ने अनुदान नदिएको कारण देखाएर भुक्तानी रोकेका थिए ।**

*झापा (प्रस)* । बिमा समितिले एक साताभित्र कोरोना बिमाको बाँकी भुक्तानी गर्न निर्जीवन बिमा कम्पनीहरूलाई निर्देशन दिएको छ । कोरोना बिमाको दावी भुक्तानी नदिएको भन्दै चौतर्फी आलोचना भएपछि अर्थमन्त्री विष्णुप्रसाद पौडेलको उपस्थितिमा अर्थ मन्त्रालयमा बैठक बसेको थियो । बैठकमा मन्त्री पौडेलले छिटो दावी भुक्तानीको व्यवस्था मिलाउन समितिलाई निर्देशन दिएपछि समितिले पनि कम्पनीहरूलाई तत्काल निर्देशन जारी गरेको हो ।



समितिले जारी गरेको निर्देशिकामा कोरोना बिमालेख पोलिसीअनुसार भुक्तानी दावी गरेका बिमितहरूको पिसिआर रिपोर्ट प्रमाणित भएको अवस्थामा एक साताभित्र भुक्तानी दिन भनेको छ । हालसम्म २० हजारभन्दा बढी बिमितले दुई अर्बभन्दा बढी रुपैयाँको बिमा दावी भुक्तानीका लागि कागजात पेश गरे पनि करिब १५ करोड रुपैयाँ मात्र दावी भुक्तानी भएको छ । महामारीको बिमा नहुने सिद्धान्तविपरीत सरकारको नीति र बिमा समितिको दबाबमा सुरु भएको कोरोना बिमामा कम्पनीहरूले दावी भुक्तानी नदिएपछि आलोचना हुँदै आएको छ ।

समितिले जारी गरेको कोरोना बिमा मापदण्ड २०७७ मा 'नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायबाट पीसीआर परीक्षण गर्दा कोरोना भाइरस संक्रमण देखिएको प्रमाण पेश भएमा ७ दिनभित्र दावी भुक्तानी गनुपर्ने' उल्लेख गरिएको छ । तर, कम्पनीहरूले प्रयोगशालाको रिपोर्ट नक्कली आएको, अदालतमा मुद्दा परेको, सरकारले दिनुपर्ने अनुदान नदिएको कारण देखाएर भुक्तानी रोकेका थिए ।

बिमा समितिले २०७६ चैतदेखि कोरोना बिमा सुरु गरेको थियो । संक्रमितको संख्या बढ्दै गएपछि कम्पनीहरूले धान्न नसक्ने भन्दै जेठ २२ गते बिमा कार्यक्रम बन्द गरिएको थियो । तर, अर्थ मन्त्रालयको दबाब दिएपछि एक दिनमै २३ गतेबाट पुनः सुरु गरिएको हो । उक्त समयमा १० हजार जनासम्मको दावी भुक्तानी निर्जीवन बिमा कम्पनीले, १० हजारदेखि २० हजारसम्मको दावी पुनर्बिमा कम्पनीले, २५ हजारसम्मको दावी निर्जीवन कम्पनीको महाविपत्ति कोषबाट, २५ देखि ३५ हजारसम्मको दावी बिमा समितिले र ३५ हजारभन्दा माथीको दावी सरकारले बेहोर्ने सहमति गरिएको छ ।

कम्पनीहरूले ५० हजार र १ लाख बिमांक रकम बराबरको बिमालेख जारी गर्दै आएका छन् । जसमा १ लाख बिमामा प्रतिव्यक्ति १ हजार र सामूहिक रूपमा गर्दा प्रतिव्यक्ति ६ सय रुपैयाँ शुल्क तोकिएको छ । यस्तै ५० हजार बिमांक रकमको बिमा गर्दा प्रतिव्यक्ति ५ सय र सामूहिकमा प्रतिव्यक्ति ३ सय शुल्क निर्धारण गरिएको छ । सरकारले बजेटमार्फत घोषणा गरी कोरोना बिमालाई प्रोत्साहन गर्दै सामूहिक बिमा गर्दा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरेको छ । कोरोना संक्रमण बढ्दै गएपछि समितिले भदौ २८ गते कोरोना बिमा मापदण्ड-२०७७ संशोधनमा बिमितले अधिकतम बिमांक रकमको अधिकतम ७५ प्रतिशत मात्र भुक्तानी पाउने व्यवस्था गरेको छ । संक्रमण प्रमाणित भइ होम आइसोलेसनमा बस्नु परेमा राहत खर्च वापत बिमांक रकमको २५ प्रतिशत र आइसोलेसन सेन्टर वा अस्पताल नै भर्ना भएमा औषधि खर्चको बिलअनुसार बिमांक रकमको अधिकतम ७५ प्रतिशत भुक्तानी पाउने प्रावधान राखिएको छ । संक्रमितलाई सरकार तथा अन्य संस्थाले उपचार खर्च बेहोरेमा औषधि खर्चको भुक्तानी नपाउने प्रावधान तोकिएको छ ।

# राजीनामा दिन्न : प्रधानमन्त्री ओली




*झापा (प्रस)* । प्रधानमन्त्री केपी ओलीले अहिले आफूले पदबाट राजीनामा नदिने प्रष्ट पारेका छन् । आफूले राजीनामा दिनु भनेको देशलाई बर्बादीतिर लैजानु भएको भन्दै उनले राजीनामा नदिने बताएका हुन् । त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतको मनमोहन सेन्टर एनेक्सको भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले बुधबार यस्तो बताएका हुन् । राजीनाको विषयमा हल्ला मात्र भएको भन्दै प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् ।
'सञ्चारमाध्यममा हल्ला आउँछ राजीनामा दिन पर्यो । तर, तपाईंहरु विचार गर्नुहोस्, के अहिले मैले राजीनामा दिन हुन्छ ? राजीनामा दिन मिल्छ ? मेरो लागि होइन देशको लागि', प्रधानमन्त्री ओलीले भने, 'मैले राजीनामा दिनु भनेको देशलाई बर्बादितिर जान दिनु हो । त्यसकारण म राजीनामा दिने वाला छैन ।'
अविश्वासको प्रस्तावको तयारी भइरहेको भन्ने सन्दर्भतर्फ लक्षित गर्दै ओलीले आफू जालझेल र तिकड्मबाट प्रधानमन्त्री पदमा नआएको भन्दै जनताको आवश्यकता र व्यापक समर्थनबाट आएको प्रष्ट पारेका छन् । उनले अविश्वासको प्रस्तावले केही फरक नपर्नेसमेत बताए । 'म यहाँ आएको जालझेल र तिकड्मबाट होइन', प्रधानमन्त्री ओलीले भने, 'जनताको आवश्यकता र व्यापक समर्थनबाट आएको हुँ । तपाईंहरु ढुक्कले काममा लाग्नुहोस् ।'
उनले देशलाई अस्थिरतातिर धकेल्न खोज्नेले प्रधानमन्त्रीबाट आफूलाई हटाउने कोशिस गरिरहेको तर, यो सफल नहुने प्रष्ट पारे । प्रधानमन्त्री ओलीले कोरोना भाइरस (कोभिड–१९) लाई जितेर छाड्नेसमेत बताएका छन् । 'धेरैले धेरैपल्ट धेरै प्रकारका पोलिटिक्स गरे । भित्र बाहिर अनेकथरीका कोशिसहरु आए । जेमा पनि आलोचना गर्ने प्रवृति छन् । त्यसबाट प्रभावित नहोऔं । एकथरीको यो अस्थिरताको खेती धेरै गर्ने, देशलाई अस्थिरतातर्फ धकेल्न खोज्ने प्रयास गर्ने आदत छ कि ? एडिक्ट भएका छन् कोही । यस्तो एडिक्सनलाई म के भनौं । तर, देशमा स्थिरताका लागि हामी काम गर्छौं । स्थिरता विकासका लागि हो । स्थिरता जनताको जीवनमा परिवर्तनका लागि हो', प्रधानमन्त्री ओलीले भने, 'कोभिडसँगको लडाईं पनि जित्छौं र गरिबीसँगको लडाईंलाई पनि जितेर समृद्धितर्फ जान्छौं । विकृति र विसंगतीको लडाईविरुद्ध हामी हमला गरिराखेका छौं । त्यसलाई पनि पराजित गरेर अगाडि बढ्छौं ।'

# ग्लोबल आइएमई बैंकद्वारा सबै ग्राहकलाई उपहार !

युएई , कात्तिक १९ । ग्लोबल आईएमई बैंकले दशैं तिहारको अवसरमा युएईबाट रेमिट्यान्स गर्ने नेपालीका लागि उपहार दिंदै आएको छ ।
गत अक्टोबर १७ तारिखदेखि आगामी नोभेम्बर १५ तारिखसम्मका लागि ल्याइएको योजनामा सहभागी हुन युएईमा रहेका नेपालीले ईमिरेट्स ईन्डिया इन्टरनेशनल एक्सचेन्जबाट नेपालमा पैसा पठाउनु पर्ने ग्लोबल आइएमई बैंकका युएई प्रतिनिधि माधब रेग्मीले बताए ।
यसरी पैसा पठाउँदा नेपालमा रहेका पैसा प्राप्त गर्ने सबै ग्राहकले नेपालको आइएमई ग्लोबल आइएमई बैंकबाट उपहार प्राप्त गर्नेछन् । युएईबाट पैसा पठाएका सबै ग्राहकका आफन्तको मोबाइलमा ग्लोबल आईएमई बैंकले ५० रुपैयाँ मोबाइलमा रिचार्ज अथवा टपअप गर्दै आएको छ ।
आफ्ना नियमित ग्राहकलाई दशैंतिहारको अवसरमा शुभकामनासहित बडादशैं ग्लोबल आईएमईको साथमा, मोबाइल टपअप हातमा नामक हात खाली नजाने उपहार योजना ल्याएको बैंकका युएई प्रमुख माधव रेग्मी बताउँछन् ।
इमिरेट्स ईन्डिया इन्टरनेसनल एक्सचेञ्जका युएईका सातै प्रान्तमा रहेका ३० भन्दा बढी शाखाबाट नेपालको आइएमई, ग्लोबल आइएमई र जिएमई पेमेन्ट पार्ट्नर रहेका देशभर रहेका १६ हजारभन्दा बढी एजेन्टमार्फत पैसा निकाल्न मिल्ने गरी रेमिट्यान्स गर्दा यो योजनामा सबैले ग्लोबल आइएमई बैंकबाट उपहार पाउन सक्नेछन् । ग्लोबल आईएमई बैंकका लागि माधव रेग्मी र अर्जुन चापागाईले युएईमा बैंकिङ सहजीकरण तथा बजारीकरण गर्दै आइरहेका छन् ।





प्रतिदिन

## वर्गीकृत विज्ञापन

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८
















## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७२१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७०२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४


## राशिफल

**मेष** : आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । व्यवसायिक क्षेत्रबाट लाभ हुनेछ ।
**वृष** : आफन्त तथा मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।
**मिथुन** : आज दुरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ ।
**कर्कट** : आज जस्वरोजगारीका निम्ति दौडधूप गर्नुपर्ने हुन सक्छ ।
**सिंह** : परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ । सजिलै अरूको मन जित्न सकिनेछ ।
**कन्या** : मन हर्ष र प्रसन्नताका साथ समय व्यतीत हुनेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ ।
**तुला** : मठ-मन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ ।
**वृश्चिक** : आफ्नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला ।
**धनु** : आज बोलीवचन एवं प्रवचन-भाषण आदिमा प्रशंसा मिल्नेछ ।
**मकर** : आज नाता-कुटुम्बको आगमन हुने र परिवारमा नयाँ सदस्य थपिन सक्ने सम्भावना छ ।
**कुम्भ** : रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग परेको दिन छ ।
**मीन** : आजबाट लामो समायाबाट रोकिएको काम पुनः प्रारम्भ हुनेछ ।